# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

डेपुटी गभर्नर महाप्रसाद अधिकारी Financial Action Task Force को Regional Review Group ले भारतको नयाँदिल्लीमा आयोजना गरेको Face to face कार्यक्रममा भाग लिई वैशाख २७ गते स्वदेश फर्कनु भयो । सो कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा नेपालले गरेका प्रतिबद्धता, फ्रान्समा भएको Financial Action Task Force को पछिल्लो बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण सम्बन्धी पालना नगरेबापतको सूचीमा पर्नबाट जोगिएको बारेमा छलफल हुनुका साथै नेपालले गरेका प्रतिबद्धता, प्रगति र गर्नुपर्ने अरू कामका बारेमा जिज्ञाशा राखेको थियो ।

सो अवसरमा डेपुटी गभर्नर अधिकारीले  सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा Financial Action Task Force समक्ष नेपालबाट गरिएका प्रतिवद्धता पूरा गर्ने सम्बन्धमा सरोकारवाला सम्पूर्ण निकायमा यथा समयमा ध्यानाकर्षण गराइएको, यस क्षेत्रमा राजनैतिक नेतृत्व लगायत सरोकारवाला सबै पक्षको ध्यान आकृष्ट भएको, नेपालले निर्माण गर्न प्रतिवद्धता जनाएका तीन वटा ऐनहरू राजनैतिक संक्रमण, राज्यको सम्पूर्ण शक्ति शान्ति प्रक्रिया र संविधान निर्माणमा लागेकाले विधायिकाबाट पास हुन नसकेको जानकारी गराउनु भएको थियो । साथै, उहाँले २७ Feb मा जारी गरिएको सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी गरिएको विस्तृत निर्देशन यस अवधिको महत्वपूर्ण उपलब्धि भएको अवगत गराउनुभएको थियो । सो बैठकमा यस निर्देशनका सम्बन्धमा विस्तृत छलफल समेत भएको थियो । यस सम्बन्धमा प्रशासनिक क्षेत्रबाट पर्याप्त गृहकार्य गरिएको भए पनि राजनैतिक संक्रमणका कारण अपेक्षित प्रगति हासिल हुन नसकेको जानकारी गराइएको थियो । उहाँले राष्ट्रिय सरकार गठन भएको र यसले पूर्णता प्राप्त गरेपछि यस क्षेत्रमा थप प्रगति हुने विश्वास पनि दिलाउनु भएको थियो । उहाँले नेपालको वित्तीय क्षेत्र स्थायित्वका सम्बन्धमा प्रभावकारी नियमन र सुपरिवेक्षण मार्फत महत्वपूर्ण उपलब्धि हासिल भइरहेको र नेपालका समष्टिगत आर्थिक परिसूचकहरूका साथै वित्तीय क्षेत्र सुदृढ रहेको सन्दर्भमा राजनैतिक स्थायित्वपछि यस सम्बन्धमा अझ उपलब्धि हासिल हुने विश्वास समेत व्यक्त गर्नुभएको थियो ।

सो कार्यक्रममा नेपाल सरकारका उच्च पदाधिकारीका साथै कानुन महाशाखा, वित्तीय जानकारी एकाइका सहायक निर्देशक हरिकुमार नेपालको पनि सहभागिता रहेको थियो ।

२०६९ वैशाख २७ गते बुधबार

गभर्नरको कार्यालय